# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाडौं

मिति: २०७५।१२।२६ गते

# प्रेस विज्ञप्ति

## विषय: आरोप-पत्र दायर गरिएको ।

---

जिल्ला प्राविधिक कार्यालय, भोजपुरले उन्नति कार्यक्रमअन्तर्गत भोजपुर-टक्सार-कोट-गगने-लेखर्क सडक स्तरोन्नति गर्न ठेक्का नं. DTO/UNNATI-BHOJPUR-01-072/073 मा नक्कली बैंक ग्यारेन्टी पेश गरी ठेकेदारलाई भुक्तानी दिएको भन्ने समेत व्यहोराको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा एम.के.वाई.पी.जे.भी.को तर्फबाट दुई पटक नक्कली बैंक ग्यारेण्टी पेश गरी मोबिलाईजेसन रकम माग गरी/गराई कृषि विकास बैंक, मुख्य शाखा कार्यालय, रत्नपार्कबाट पेश भएको बैंक ग्यारेण्टीको बैधतासम्बन्धी कुनै शोधपुछ र पुष्टयाइ नलिई निर्माण कम्पनीका प्रतिनिधि तथा सञ्चालकहरुसँग मिलेमतो गरी सरकारी सम्पत्तिको हानिनोक्सानी पुऱ्याउने र आफूले लाभ लिने उदेश्यले नक्कली बैंक ग्यारेण्टीका आधारमा मोबिलाईजेसन रकम उपलब्ध गराई सरकारी सम्पत्तिको वदनियतसाथ हिनामिना, हानिनोक्सानी गरेको स-प्रमाण पुष्टि हुन आएको हुँदा उक्त कार्यमा संलग्न देहाय बमोजिमका व्यक्तिहरू उपर देहाय बमोजिमको सजायको मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

| सि.नं. | नामथर | दर्जा | कार्यालय | बिगो | सजाय मागदावी |
|---|---|---|---|---|---|
| १. | लालु गिरी | तत्कालीन कार्यालय प्रमुख | साविक जिल्ला प्राविधिक कार्यालय, भोजपुर | रु.१,१०,८०,०००/- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (झ) बमोजिम सजाय |
| २. | रामबहादुर दहाल | लेखापाल | " | रु.१,१०,८०,०००/- | " |
| ३. | छविलाल ढकाल | तत्कालीन शाखा अधिकृत | कृषि विकास बैंक लिमिटेड, मुख्य शाखा कार्यालय, रत्नपार्क | रु.१,१०,८०,०००/- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ र दफा १७ बमोजिमको कसुरमा बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ दफा ९, दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (झ) बमोजिम सजाय |
| ४. | माधवप्रसाद खनाल | प्रबन्धक निर्देशक | एम.के.निर्माण सेवा प्रा.लि. | रु.१,१०,८०,०००/- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २३ र दफा ८ को उपदफा (४) बमोजिमको कसुरमा बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ दफा ८ को उपदफा (४) बमोजिम सजाय |
| ५. | राजु श्रेष्ठ | " | वाई.पी. कन्स्ट्रकसन | रु.१,१०,८०,०००/- | " |
| ६. | रणधिर तुम्बा | आधिकारीक प्रतिनिधि | एम.के.वाई.पी.जे.भी . | रू.५५,३०,०००/- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसुरमा बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ दफा ८ को उपदफा (४) बमोजिम सजाय |
| ७. | देवजंग शाही | " | " | रु.५५,५०००/- | " |

(प्रदीपकुमार कोइराला)

प्रवक्ता